## कपुरकोट गाउँपालिकाको मिति २०८०।०७।२० गतेको १०१ औं गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

### निर्णय नं. १

मिति २०८०।०७।१७ गतेको भुकम्पबाट रुकुम र जाजरकोटमा भएको क्षतिको सन्दर्भमा मिति २०८०।०७।१९ गतेको जिल्ला विपद व्यवस्थापन समितिको निर्णयानुसार रु २ लाख विपद व्यवस्थापन शिर्षकबाट खर्च हुने गरि जिल्ला विपद व्यवस्थापन समितिको कोषमा जम्मा हुनेगरि सहयोग गर्ने र भुकम्पबाट ज्यान गुमाउने मृतकहरुको लागि हार्दिक श्रद्धान्जली र घाईतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्ने साथै यस कपुरकोट गाउँपालिकाभित्र उक्त घटनाहरुबाट भएको क्षतिको विवरणहरुको एकिन गरि विवरण पेश गर्ने ।

### निर्णय नं. २

कर्णाली प्रदेश सरकार जलस्रोत तथा ऊर्जा बिकास मन्त्रालयको मिति २०८०।०७।१६ को चलानि नम्वर २२६ अनुसार यस पालिकामा सिंचाई र खानेपानी आयोजनाहरु माग गरि पठाउने परिपत्र अनुसार प्रत्येक वडाबाट १/१ वटाका दरले तपशिलका खानेपानी तथा सिंचाई आयोजनाहरु माग गरि पठाउने ।

**सिंचाई आयोजनाहरुको लागि:**

| सि न | प्रस्तावित आयोजनाको नाम ठेगाना | आयोजनाबाट सिंचित हुने क्षेत्रफल(हे) | सिंचाई स्रोतको नाम ठेगाना | लाभान्वित घरधुरी | अनुमानित लागत (रु हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सिलेखोला रिठ्ठाबोट गोगने खोला सिंचाई पक्कीकुलो निर्माण वडा नं २ | ३ | सिलेखोला गोगने खोला वडा नं २ | १०५ | १५००००००/- | |
| २ | गरिन खोला उन्वाङ्ग लिफ्ट सिंचाई आयोजना वडा नं १ | २.५ | गरिनखोला | ९० | १५००००००/- | |
| | ढोरवाङ्ग खोला गैरीवाङ्ग लिफ्ट सिंचाई आयोजना वडा नं १ | ४ | ढोरवाङ्ग खोला वडा नं १ | १०० | २००००००/- | |
| | देब्रेखोला लापुलामपोखरा लिफ्ट सिंचाई आयोजना वडा नं १ | ३ | देब्रेखोला | ९० | १०००००००/- | |
| ३ | सेतेखोला घट्टेखोला | ३.५ | सेतेखोला | ७० | १०००००००/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सिंचाई आयोजना वडा नं ४ | | घट्टेखोला वडा नं ४ | | | |
| ४ | चिन्नेखोला दवाङ्ग सिंचाई आयोजना वडा नं ४ | ४.८ | कालाखोला मुहान वडा नं ४ | ८० | ५००००००/- | |
| ५ | घट्टेखोला हुदै जम्पानी लिफ्टिङ्ग सिंचाई आयोजना वडा नं ३ | १२ | घट्टेखोला वडा नं ३ | ३०० | १२०००००० | |
| ६ | घुरखोला सिंचाईककुलो योजना | २.५ | घुरखोला वडा नं ५ | २५ | ५००००००/- | |
| ७ | घुरखोला सिंचाई कुलो निर्माण आयोजना वडा नं ६ | ५ | घुरखोला र ठुलो खोला | ३०० | १०००००००/- | |

**खानेपानी आयोजनाहरुको लागि:**

| सि न | प्रस्तावित आयोजनाको नाम ठेगाना | खानेपानीको पहुँचबाट वन्चित भएको घरधुरी संख्या | खानेपानी स्रोतको नाम ठेगाना | लाभान्वित घरधुरी | अनुमानित लागत(रु हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मुसेखोला सिमलकुना र सिवाङ्ग राता पाने खोला लिफ्ट खानेपानी आयोजना वडा नं २ | ७२ | मुसेखोला वडा नं २ | ७२ | १७५०००००/- | |
| | धनवाङ्ग किमुचौर बृहत खानेपानी योजना वडा नं ४ | ३५० | पिर्रेवारी खोला वडा नं ४ | ३५० | १५००००००/- | |
| २ | बार्दला डाँगीटोल लिफ्ट खानेपानी योजना वडा नं ४ | १५० | गेरुवाने खोला वडा नं ४ | | १३००००००/- | |
| ३ | बग्गरखोला भुन्टेटाकुरा लिफ्टिङ्ग खानेपानी योजना वडा नं १ | १२० | बग्गरखोला मुहान | १२० | १०००००००/- | |
| ४ | गट्टेटाकुरा सारपानी | १३० | गट्टेखोला | १३० | १०००००००/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लिफ्टिङ्ग खानेपानी योजना वडा नं १ | | | | | |
| ५ | धैरेनिहुदै लामीडाँडा पल्लो पाखापानी लिफ्टिङ्ग खानेपानी योजना वडा नं ३ | ७० | धैरेनिखोला | ७० | १००००००० /- | |
| ६ | सिस्नेरी लिफ्ट खानेपानी योजना वडा नं ५ | ८० | ज्यामिरेखोला मुहान वडा नं ५ | ८० | ९०००००० /- | |
| ७ | खोलीगाउँ पोखरी डाँडा रिमालिज्यूला | ११० | मुलखोला वडा नं ६ | ११० | ६०००००० /- | |

**निर्णय नं ३**

यस कपुरकोट गाउँपालिकाको हाल सम्मका कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वणको अबस्थाको समिक्षा गरियो ।र हालसम्मका कृयाकलापहरु उत्कृष्ट रहेको मुल्यांकन गर्दै आउदा दिनमा सहमति सहकार्य र समन्वयलाई अझै बढाउने र कपुरकोट जागरण अभियानलाई अझ सशक्त बनाउने ।

**निर्णय नं ४**

आ.व २०८०।०८१ को बार्षिक बजेट तथा कार्यक्रम अनुसार यस गाउँपालिका अन्तरगतका सम्पूर्ण योजनाहरुको कार्यान्वयनका लागि आगामी मंसिर महिना भित्र उपभोक्ता समिति गठन प्रक्रियालाई सम्पन्न गरि उपभोक्ता अभिमुखिकरण समेत सम्पन्न गर्ने ।र बजेट सुनिश्चित नहुँदासम्म आन्तरिक स्रोत र समानिकरण अनुदान शिर्षकमा रहेका वडास्तरिय साना योजना बाहेक पालिकास्तरिय र शाखागत योजनाहरु प्राथमिकता हेरेर मात्र योजना कार्यान्वण अगाडी बढाउने ।

**निर्णय नं ५**

आ.व २०७९।०८० मा गाउँपालिका अन्तरगतका सम्पूर्ण वडाहरुबाट सुकम्वासी र अब्यबस्थित बसोबासीहरुले दिएको आवेदन यथासक्य संकलन गर्ने ।

निर्णय प्रमाणित

२०८०/६/२०